# मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०७०

परिचयः

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को नियम ६ अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन भएको छ । सोही नियमावलीको नियम ७ (जिल्ला समितिको काम, कर्तव्य र अधिकार) उपनियम १ (ख) मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि निर्देशिकाको आवश्यकतालाई मनन गर्दै **स्थानीय समितिको** गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो निर्देशिका तयार पारिएको हो ।

समितिको गठन प्रक्रियाः

मानव बेचबिखन विरूद्धको स्थानीय समितिको गठन यस प्रकार हुनेछ ,

१. गाउँ विकास समिति वा वडा समितिको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, गाउँ बाल सन्जाल, गाउँ बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम्सेविका आदिको गाउँ स्तरीय भेला गर्ने ।
२. सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी स्थानीय समिति गठन गर्नेछ ।
३. विगतमा गाँउ स्तरीय समिति गंठन भै सकेको अवस्थामा साविकको गा.वि.स.मा परेका वडा समेट्ने गरी वडा समितिको रुपमा स्थानीय समिति गंठन गर्ने । वडाको संख्या र संयोजक जिल्ला समितिले तोक्ने ।
४. निर्देशिकामा उल्लेख गरिएका स्थायी सदस्यहरु गा.वि.स.वा नगरमा नभएमा महिला सहकारी संस्थाका अध्यक्ष/ नागरिक सचेतना केन्द्रले तोकेको व्यक्ति/गा.वि.स.का समाजसेवी महिलालाई स्थानीय समितिमा सदस्यको रुपमा तोक्ने ।
५. मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको स्थानीय समितिको संयोजकले समितिको सदस्यहरु मध्येबाट एक जना सदस्य सचिव तोक्ने ।
६. सम्वन्धित नगरक्षेत्रको नगरप्रमुखलाई स्थानीय समितिको बैठकमा आमन्त्रित गर्नुपर्ने ।
७. भेलामा मानव बेचबिखन विरूद्धको जिल्ला समितिबाट तोकिएका प्रतिनिधिको उपस्थिति रहने छ ।

| | |
|---|---|
| क. गाउं विकास समिति अध्यक्ष /नगरपालिकाको बडा अध्यक्ष<br>तर स्थानीय निकायको निर्वाचन नभएको अवस्थामा गा.वि.स सचिव/नगरको हकमा सम्बन्धित वडा सचिवले स्थानीय समितिको संयोजको कार्य गर्ने छ । | संयोजक |
| ख. गा.वि.स./नगरपालिका को निर्वाचित महिला प्रतिनिधि | सदस्य |
| ग. स्थानीय महिला सञ्जाल, प्रतिनिधि | सदस्य |
| घ. लैङ्गिग हिंसा निवारणको लागि निगरानी समूह, प्रतिनिधि | सदस्य |
| ङ. स्थानीय वाल संरक्षण समिति | सदस्य |
| च. स्थानीय बाल सञ्जाल | सदस्य |
| छ. स्थानीय पत्रकार | सदस्य |
| ज. स्थानीय प्रहरी प्रमुख | सदस्य |
| झ. स्वास्थ्य स्वयंसेविका/प्रतिनिधि | सदस्य |
| ञ. महिला तथा बालबालिका कार्यालय/जि.वि.स.को सामाजिक परिचालक | सदस्य |
| ट. नागरिक वडामंञ्चको संयोजक वा प्रतिनिधि | सदस्य |
| ठ. मानव बेचबिखन विरूद्ध कार्यरत स्थानीय संघ संस्था वा व्यक्तिहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा (मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावितभएका व्यक्ति भएमा निजलाई अनिवार्य रुपमा राख्ने)संयोजकले मनोनित गरेका | २ जना सदस्य |
| | जम्मा १३ जना |

**समितिको काम, कर्तव्य र अधिकारः**

**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ**

क. ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ,

ख. जिल्ला समितिले दिएको निर्देशन बमोजिम स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र भएमा सोको अनुगमन गर्न सहयोग गर्ने,

ग. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

घ. जिल्ला समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वियन गर्ने ,

ङ. आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने,

च. मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरूबीच समन्वय गर्ने ,

छ. मानव बेचबिखन तथा ओसारपसारसंग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धी प्रतिवेदन जिल्ला समितिमा पठाउने,

ज. स्थानीय निकायसंग समन्वय गरी बेचबिखन प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने ।

**बैठक सम्बन्धी कार्यविधी**

१. स्थानीय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता गाउं समितिको संयोजकले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय  समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**बैठक सम्बन्धी कार्यविधी**

अन्य निर्देशिकामा उल्लेख भए देखि बाहेक अन्य विषय ऐन, नियमावलीमा व्यवस्था भए बमोजिम हुने छ ।